फक्ताङलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः३ संख्याः २ मितिः २०८१/०३/१०

भाग–१

**गाउँ सभाको अधिवेशनबाट जारी ऐन नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तले लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

आर्थिक बर्ष २०८१।८२ को

वजेट वक्तव्य(आय व्ययको विवरण सहित)

गाउँ सभाबाट स्वीकृत मितिः

फक्ताङलुङ गाउँपालिका

गाउँ  कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

## श्रद्धेय अध्यक्ष महोदय,

आज मिति २०८१ साल अषाढ ८ गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले श्रीमान् गाउँपालिका अध्यक्ष ज्यूको निर्देशानुसार यस गरिमामय फक्ताङलुङ गाउँ सभाको १६ औ अधिवेशनमा गाउँपालिकाले आगामी आर्थिक बर्षका लागि तय गरेको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु । यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जन आन्दोलन तथा घटनाहरुमा बलिदानी पुर्ण जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचन २०७९ बाट विभिन्न पदमा निर्वाचित भए पश्चात दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रम संचालन गरी त्यसको समिक्षा गर्दै आगामी आर्थिक वर्ष गाउँपालिकाको श्रोतलाई अझ बढी मितव्ययी, विवेकपूर्ण, प्रभावकारी र जनउत्तरदायी रुपले परिचालन गर्नुपर्दछ भन्ने मान्यताका साथ बजेट तर्जुमा गरिएकोछ । संविधानले व्यवस्था गरे अनुसारका नागरिकका मौलिक हक र सर्वसाधरणहरुको कल्याणका लागि नागरिकहरुलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा ध्यान दिईएकोछ ।

## अध्यक्ष महोदय,

अब म यस फक्ताङलुङ गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा गर्ने अनुमति चाहान्छु ।

१. सम्मानित गाउँ सभाबाट पारित भई कार्यान्वयनमा रहेको चालु आर्थिक वर्षको बजेटको समिक्षा गर्दछु । चालु आर्थिक बर्षमा यस गाउँपालिकाको कुल सरकारी खर्च रु ४२ करोड ९५ लाख ४५ हजार ८ सय मात्र अनुमान गरी विनियोजन गरिएकोमा संघीय सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानको प्राप्तिको एक चौथाई अर्थात २५.८९% रकम निकासा नभएको हुदाँ प्रस्तावित संघ तथा प्रदेश सरकारको वित्तिय समानीकरणको रु १० करोड २ लाख ३५ हजार मध्ये रु ७ करोड ५३ लाख ४९ हजार ३ सय ९५ मात्र प्राप्त भएको छ साथै प्रस्तावित राजस्व संङ्कलनका क्षेत्रहरुबाट अनुमान गरे बमोजिमको कर संङ्कलन नभएको कारण संघीय सरकार, प्रदेश सरकार तथा फक्ताङलुङ गाउँपालिकाबाट लक्ष्य अनुसारको राजस्व तथा कर संकलनले कम बजेट प्राप्त भएको छ । चालु आर्थिक वर्षमा संघीय राजस्व तर्फ ९ करोड ९६ लाख ८८ हजार ८ सय अनुमानित गरी बजेट तथा कार्यक्रम विनियोजन गरिएकोमा चालु आर्थिक वर्षको बैशाख मसान्त सम्म रु ७ करोड ३७ लाख २२ हजार ५ सय १० रुपैयाँ मात्र प्राप्त भएको छ जुन लक्ष्यको ७३.९५% मात्र हो । प्रदेश राजश्व बाँडफाँड(सवारी साधन कर) ६१ लाख ४७ हजार अनुमान गरिएकोमा रु १४ लाख ७२ हजार ८६ रुपैयाँ मात्र प्राप्त भएको छ । आन्तरिक आम्दानी रु ४१ लाख प्रक्षेपण गरिएकोमा करको लक्ष्य अनुसार संङ्कलन नभएको तर गाउँपालिकालाई हाइड्रोबाट

प्राप्त भएको २४ लाख आम्दानीले लक्ष्य भन्दा धैरै रु ५१ लाख १४ हजार राजस्व संङ्कलन भएको छ । गत आ.व.को यथार्थ खर्च, चालु आ.व. को संशोधित अनुमान  र आगामी आ.ब.को अनुमानित प्रस्तावित बजेट अनुसूचीहरुमा राखिएकोछ ।

२. आगामी आ.व. २०८१।०८२ मा संघीय सरकार अनुदान तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु ९ करोड ६० लाख, सशर्त अनुदान तर्फ रु १९ करोड ८० लाख ८६ हजार, राजस्व बाँडफाड तर्फ रु १० करोड ५८ लाख, विषेश अनुदान तर्फ रु ५० लाख तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु ५८ लाख १८ हजार, प्रदेश राजस्व बाँडफाड रु १ करोड २८ लाख ५३ हजार, प्रदेश समपूरक अनुदान रु १ करोड तथा सशर्त अनुदान रु १ करोड १६ लाख ४९ हजार तथा गाउँपालिकाको आन्तरिक आम्दानी रु ४५ लाख १० हजार साथै चालु आर्थिक बर्षको अनुमानीत अल्या रु १ करोड २ लाख ८४ हजार गरी जम्मा रु ४६ करोड प्राप्त हुने अनुमान छ । सामाजिक सुरक्षा लगाएत सोझै भुक्तानी हुने बजेटहरु यसमा समावेश गरिएको छैन ।

## श्रद्धेय अध्यक्ष महोदय ,

अब म चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न बमोजिम भएको सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

- गाउँपालिकाका २ वटा एम्बुलेन्सबाट जिल्ला सदरमुकाम सम्म स्वास्थ्यकर्मीको रेफरका आधारमा निशुल्क तथा सशुल्क र जिल्ला बाहिर जादा ५० प्रतिशत भाडा लिएर  करिव ३०० जनालाई सेवा दिईएको,
- फक्ताङलुङ गाउँपालिकाको वडा नं. ५ स्थित छिरुवामा स्थापना भएको कृषि तथा पशु अनुसान्धान केन्द्रमा पोखरी, किचन, घेरावारा लगाएतका पुर्वाधारहरु निर्माण भई कृषिजन्य उत्पादनमा बृद्धि भएको,
- गाउँपालिकाको प्रशासकीय भवनको पुर्वाधार निर्माणको कार्य २५ प्रतिशत सम्पन्न भई सकेको छ भने वित्तिय प्रगति १८ प्रतिशत भएको छ,
- वडा स्तरिय योजनाहरु ९० प्रतिशत सम्पन्न भई सकेका छन भने असार १५ सम्म सबै योजना सम्पन्न भई सक्ने अबस्था छ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ३ मा ढाका वुनाई सिप विकास तालिमबाट १३ जना तथा वडा नं. ६ मा वासको फ्रेम तथा टि टेवल निर्माण तालिमबाट १२ जना उद्यमीहरुलाई सिप विकास गराई आत्मानिर्भर बनाईएको,



फक्ताङलुङ गाउँपालिका

- वडा नं. २ सिवु र वडा नं. ४ को खुपातालमा सामुदायीक स्वास्थ्य इकाई स्थापना भई संचालनमा रहेका,
- कृषि तथा पशु अनुसन्धान केन्द्रमा विभिन्न संस्थाको साझेदारीमा स्याउ, नास्पाति, दाते ओखर लगाएतका उच्च कोटीका वनस्पतिका विरुवाहरु वितरण भएका छन्,
- उच्च हिमाली क्षेत्रमा हुने High Altitude suckness को समस्यालाई समाधान गर्दै विभिन्न स्थानहरुमा आपत्कालिन अक्सिजन सिलिण्डर सहितको उपकरणको व्यवस्था गरि पर्यटकहरुलाई सहजता प्रधान गरिएको,
- फक्ताङलुङ गाउँपालिका स्थायी वासस्थान भई पाथिभरा बहुमुखी क्याम्पस पढ्ने १२८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ,
- गाउँपालिकाको वडा नं. ६ को सरस्वति च्यारीबुक माध्यामिक विद्यालय छात्रावास भवन निर्माण सम्पन्न भएको साथै वडा नं. ३ को सिवाँ माध्यामिक विद्यालय छात्रावास सहितको भवन निर्माणको अन्तिम चरणमा रहेको छ।
- सिवापारि हाङवरुङ देखि ताप्लिङ पिथोङ साप्चुङवा ईखाबु सडक निर्माणको पहिलो चरणको ठेक्काको कार्यसम्पन्न भई दोस्रो चरणको कार्य संचालन भई रहेको छ।
- गाउँपालिकाको वडा नं. ६ को मुरिङ्लाडाँडा तथा लौहाडाँडा मा 4G टावर जडान भई संचालनमा रहेका छन् भने विभिन्न समयमा देखा पर्ने टावरको समाधान गर्न पालिकाले पहल गर्दै आएकोछ।
- गाउँपालिकाको केन्द्र तथा अन्य वडाहरु मा केन्द्रीय विद्युति जडान गरी विद्युत आपुर्तीलाई थप सहजता पुर्याईएको छ।
- गाउँपालिकाको सबै प्रकारका आयोजना कार्यक्रमको गाउँपालिका स्तरिय अनुगमन समितिबाट अनुगमन भई भुक्तानी गर्ने गरिएको।
- गाउँपालिका र नेपाल टेलिकमसँगको सहकार्यमा सबै वडा तथा पालिकामा उच्च प्रविधियुक्त इन्टरनेट जोड्ने चरणमा रहेको छ।
- स्थानीय पाठ्यक्रम तथा पञ्चवर्षिय शिक्षा योजना तर्जुमा भई सकेको हुदाँ सोही बमोजिम आगामी आर्थिक बर्ष बाट बजेट विनियोजन गर्दै लगिनेछ।

## श्रद्धय अध्यक्ष महोदय,

फक्ताङलुङ गाउँपालिकाले आफ्नो चौतर्फी विकासमा धेरै चुनौती एवं समस्याहरु पार गर्दै गाउँपालिकाको सर्वपक्षीय विकासमा यथाशक्य रुपमा अगाडी बढिरहेको छ। तथापि भौगोगिक रुपमा अत्यन्तै ठुलो र दुर्गम भुगोल, भौगोलिक विविधता, हावापानी संस्कृती एवं सामाजिक विविधताका दृष्टीले यस गाउँपालिकाको विकास निर्माण कार्य सबै बस्ति र समाजमा सहज छैनन्

फक्ताङलुङ गाउँपालिका

। यिनै विषम परिस्थिका माझमा यस गाउँपालिकाले निम्न चुनौतीहरुक सामना गर्दै विकास निर्माणमा अगाडी बढ्नु परेकोछ।

क. जल, जंगल जमित आदि प्राकृतिक सम्पदा एवं मानव संशाधनको उपयोग र परिचालन गरी समाजको चौतर्फी विकास गर्न सक्ने सम्भावना रहेर पनि लगानिका लागि साधनको सीमितताको कारणले गर्दा प्रृतिक सम्पदा एवै मानव संशाधनको उचित व्यवस्थापन र संरक्षण गर्न गराउन चुनौतीपूर्ण रहेकोछ।

विविध चुनौती र समस्या हुँदाहुदै पनि समयानुकुल सामाजिक चेतनाको परिवर्तनसँगै सबै चुनौतीहरुलाई क्रमश सामना गर्दै अगाडि बढ्न सक्ने क्षमता समाजमा रहेको हुदाँ फक्ताङलुङ गाउँपालिकाको सर्वपक्षीय सहकार्यका साथ गाउँपालिकाबासीहरुको उक्त क्षमताको उपयोग गर्दै अघि बढ्न ढृढ संङ्कल्पित छु।

## श्रद्धय अध्यक्ष महोदय,

आगामी आर्थिक बर्षका लागि बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिइएकोछ।

- नेपालको संविधनले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपाल सरकारको चालु पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिताहरु
- नेपाल सरकार र प्रदेश सरकारको वार्षीक नीति तथा कार्यक्रम
- दिगो विकासका लक्ष्यहरु(Sustainable Development Goals) ले निर्धारण गरेका प्रमुख क्षेत्रहरु
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु
- फक्ताङलुङ गाउँपालिकाको आवधिक विकास योजनाले तय गरेका आधारहरु
- स्थानीय तहको वर्षीक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८ ले गरेका व्यवस्थाहरु
- नेपाल सरकारका क्षेत्रगत नीतिहरु,
- नेपाल सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- प्रदेश सरकारले तय गरेको बार्षीक नीति तथा कार्यक्रम,
- प्रदेश सरकारका विषय क्षेत्रगत नीतिहरु तथा योजनाहरु,
- फक्ताङलुङ गाउँपालिकाका राजनैतीक विभिन्न राजनैतीक दलको चुनावी घोषणापत्र तथा विभिन्न विषयगत शाखा, गैसस, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझाबहरु,

- वस्ति स्तरिय भेला/ वडा भेला, वडा समितिबाट प्राथमिकीकरण, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सिमा निर्धारण समिति तथा अन्य विषयगत समितिहरु हुदैं सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृया द्वारा प्राथमिकीकरण सहित प्राप्त भएका योजनाहरु,
- वडा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क एव सूचना आदि,
- संघ, प्रदेश तथा स्थानीय तह(समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का मुख्यमुख्य प्रावधानहरु
- स्थानीय तहको संस्थागत स्व मुल्यांकन सम्बन्धि भएका व्यवस्थाहरु,

## श्रद्धेय अध्यक्ष महोदय,

अब म यस फक्ताङलुङ गाउँपालिकाको दिगो विकासका लागि **"फक्ताङलुङको पहिचान: अलैची, जडीबुटी, जलविद्युत र पर्यटन"** भन्ने मुल लक्ष्यलाई निरन्तर रुपले अगाडी बढाउन यस सम्मानित सभा समक्ष प्रस्तुत बजेटका आधारभूत सोच, उद्देश्य , प्राथमिकताहरु तथा विभिन्न कार्यक्रमहरु देहाय अनुसार रहेको जानकारी गराउन चाहान्छु ।

## आधारभूत सोचहरु

- पारदर्शी,जनसहभागितामूलक र जनउत्तरदायी विकास प्रशासन मार्फत आन्तरिक क्षमताको विकास गर्दै भौतिक पूर्वाधार, आर्थिक सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गरी समृद्ध र अनुकरणीय स्थानीय तहको रुपमा फक्ताङलुङ गाउँपालिकाको सुन्दर भविष्य कोर्ने यस बजेटको आधारभूत सोच रहेको छ ।

## श्रद्धय अध्यक्ष महोदय,

उपरोक्त आधारभूत सोच पुरा गर्न आगामी आर्थिक बर्षका लागि प्रस्तुत बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

- नेपालको वर्तमान संविधानको कार्यान्वयनमा नेपाल सरकारलाई सहयोग गर्ने,
- भौतिक पूर्वाधारको निर्माण तथा नागरिकको क्षमता अभिवृद्धि मार्फत रोजगारिका अवसरहरु बृद्धि गर्दै आर्थिक समानता कायम गर्ने,
- फक्ताङलुङ गाउँपालिकाको चौतर्फी विकासका लागि सरकारी स्रोत परिचालनलाई प्रभावकारी बनाउने,
- गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा आम नागरिकको सहज पहुँच विस्तार गर्ने,

- विकासका हरेक क्रियाकलापमा नागरिकको सहभागितालाई सुनिश्चित गरी नागरिकको क्षमता विकास र स्रोतको उच्चतम उपयोगलाई सुनिश्चत गर्ने,

उल्लेखित सोच र उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएकोछ ।

- कृषि क्षेत्रमा व्यवसायीकरण,बजारीकरण तथा आधुनीकिकरण,
- भौतिक तथा आर्थिक पूर्वाधारको विकास,
- शिक्षा,स्वास्थ्य, खानेपानी तथा सरसफाईमा लगानी बृद्धि गरी सामाजिक क्षेत्रको विकास,
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीबाट पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन,
- रोजगारी मुलक समावेशी आर्थिक विकास,
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सशासन,
- वन,वातावरण र जलवायु परिवर्तन,
- मानव अधिकार, एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण,
- समृद्ध फक्ताङलुङ गाउँपालिका बनाउनका लागि आवश्यक बहु बर्षीय ठुला प्रकृतिका योजनाहरु संचालनमा जोड,

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा फक्ताङलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि तयार पारिएको बार्षीक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## विनियोजित बजेट तथा कार्यक्रमहरु

यस गाउँपालिकामा आगामी आर्थिक वर्षमा प्राकृतिक स्रोतहरु (ढुङ्गा, गिटी बालुवा) को उत्खन्न सम्बन्धि वातावरणीय प्रभाव मुल्यांकन गरिने हुदाँ साथै गाउँपालिका क्षेत्रमा राजस्व संङकलनमा नयाँ दर तथा दायराहरुको प्रयोग गरी आन्तरिक आम्दानीलाई सुढृढ बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिने हुदाँ आन्तरिक आम्दानी बृद्धि भई रु ४५ लाख १० हजार रहने र नेपाल सरकारबाट वित्तीय हस्तान्तरणबाट जम्मा रु ४० करोड ४८ लाख ८६ हजार र प्रदेश सरकारबाट रु ४ करोड ३ लाख २० हजार तथा गाउँपालिकाको अनुमानित अल्याबाट रु १ करोड २ लाख ८४ हजार रहने अनुमान गरिएकोछ ।

यस मध्ये स्थानीय तहको कार्यान्वयनका लागि हस्तान्तरण भई आउने सरकारी कार्यालयहरु र कर्मचारीहरुको व्यवस्थापन, गाउँपालिकाको कार्यालय, गाउँ कार्यपालिका, गाउँ सभा र गाउँपालिका अन्तर्गतका निकायहरुको कार्यालय संचालन तथा कर्मचारीहरुको तलब तथा सुविधा र विषयतगत क्षेत्रमा हुने चालु तथा पुँजीगत प्रकृतिका कार्यक्रमहरु लगाएतका खर्चहरुको व्यवस्थापनको लागि कुल संघीय

तथा प्रदेश सशर्त अनुदान तर्फ रु २० करोड ९७ लाख ३५ हजार कुल व्ययको ४५.४९% गाउँपालिका र वडा कार्यालयहरु विषयगत शाखाहरुको कर्मचारीको तलब तथा सुविधा विषयगत क्षेत्रमा हुने चालु प्रकृतिका कार्यक्रमहरु लगायतका कार्यालय संचालनका सम्पूर्ण खर्चहरु समेत गरी चालु खर्च तर्फ रु १० करोड ७६ लाख ६० हजार अर्थात कुल व्ययको २३.४०% विनियोजन गरेको छु। विभिन्न विकास निर्माण सम्बन्धि कार्य तथा विषयगत शाखाहरुको लागि कुल १४ करोड २६ लाख ५ हजार अर्थात कुल व्ययको ३०.४९% पुँजीगत तर्फ विनियोजन गरेकोछु।

**अब म यस बजेटले गरेका प्रमुख व्यवस्थाहरुको संक्षिप्त विवरणहरु पेश गर्न चाहान्छु।**

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु **१ करोड ५० लाख** बजेट विनियोजन गरेकोछु।

२.फक्ताङलुङ गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा समपूरक आयोजनाको रुपमा तिङ्दु चावाखु **सडक निर्माण**का लागि **रु ८५ लाख** बजेट विनियोजन गरेकोछु।

३. संघीय सरकारको विषेश अनुदान मार्फत गाउँपालिकाको वडा नं. ५ को **श्री पार्वती माध्यामिक भवन निर्माण**का लागि **रु ५० लाख** बजेट विनियोजन गरेको छु।

४. प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा समपूरको आयोजनाको रुपमा विगत आर्थिक बर्षबाट निरन्तरता दिदै **खर्खरे वृहत सिंचाई तथा खानेपानी आयोजनाका** लागि **रु ४० लाख** ५० हजार बजेट विनियोजन गरेकोछु।

५. गाउँपालिकाको आधारभूत अस्पताल भवन निर्माण गर्नका लागि **रु ३० लाख** बजेटको व्यवस्था गरेकोछु।

६. गाउँपालिकाको कृषिजन्य बस्तुहरुको उत्पादन तथा बजारीकरणलाई थप सहज बनाउनका लागि **एक थान कृषि एम्बुलेन्स खरिद गर्न रु २० लाख** बजेट व्यवस्था गरेको छु।

७.आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद गर्ने गाउँपालिकाबाट रु १५ लाख र संघीय सरकारबाट ११ लाख ७१ हजार गरी **२६ लाख ७१ हजार** बजेट विनियोजन गरेकोछु साथै सर्जिकल सामग्री खरिदको लागि रु १० लाख बजेट विनियोजन गरेकोछु र लुङथुङ,सिंवा र तापेथोक स्वास्थ्य चौकीमा ल्याव सहित फार्मेसि संचालनको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

८. पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा पर्यटकको अभिलेख व्यवस्थित गर्दै उच्च हिमाली क्षेत्रमा पर्यटकलाई औषधी उपचार तथा आकस्मिक अबस्थाबाट संरक्षण गर्नका लागि टेन्ट सहितको

मेडिकल पोईन्टको लागि बजेट व्यवस्था गरेकोछु साथै पर्यटकीय क्षेत्रको पहिचान गरी सोको दिर्घकालिन विकासका लागि गुरुयोजना तर्जुमा गरी प्रचार प्रसारको लागी आवश्यक बजेट व्यवस्था गरेकोछु ।

९.प्रदेश सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेसन नेपालसँग त्रिपक्षिय लागत साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको परिक्षण गरी जन्मदोष पहिचान गर्दै अपाङ्गता परिचयपत्र वितरण गरी शिक्षा, स्वास्थ्य, जिवीकोपार्जन, शशक्तिकरण र सामाजिकीकरणा लागि **रु ४३ लाख ७० हजार** बजेट विनियोजन गरेकोछु ।

१०. गाउँपालिकाको उच्च भौगोलिक क्षेत्रमा याक प्रवर्द्धन गर्नका लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत **रु ८ लाख** रकम विनियोजन गरेकोछु ।

११. गाउँपालिकाको वडा नं. ५ मा निर्माणाधिन कृषि अनुसन्धान केन्द्रको पूर्वाधार विकास तथा उत्पादन बृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

१२. विपद् व्यवस्थापन राहत, उद्धार तथा प्रकोप व्यवस्थापनका लागि रु २० लाख साथै विपद् मा परि मृत्युहुने परिवारका लागि तत्कालै राहत स्वरुप ५० हजार आर्थिक सहायता दिन आवश्यक वजेट आवश्यक बजेट विनियोजन गरेकोछु ।

१३.गाउँपालिका भित्रका ठुला प्रकृतिका आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना गर्नका लागि ३७ लाख १६ हजार बजेट विनियोजन गरेकोछु ।

१५. गाउँपालिकाका आधारभूत तथा माध्यामिक तहमा स्वीकृत दरबन्दीका शिक्षक, राहत शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/ कर्मचारीहरु समेतका लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

१६. मौरीपालन क्षेत्रमा पकेट क्षेत्र विकास कार्यक्रम संचालनका रु १२ लाख बजेट विनियोजन गरेकोछु ।

१७. लघु उद्यम विकास कार्यक्रम संचालनका लागि आश्यक बजेट विनियोन गरेकोछु ।

१८. नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गत आवश्यकताका आधारमा लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

१९. कक्षा ८ र १० को अङ्ग्रेजी, गणित र विज्ञानो कोचिङ कक्षा संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०. नेपाल सरकारले कक्षा १ देखि ६ सम्मका लागि दिदै आएको दिवा खाजामा गाउँपालिका अनुदान थपका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२१. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि प्रोत्साहन तथा पुरस्कारका लागि रु २ लाख बजेट विनियोजन गरेकोछु।

२२.विभिन्न शाखामा कार्यरत स्थायी तथा करार कर्मचारीहरुलाई कार्यसम्पादन मुल्यांकन गरी कार्यसम्पादन उच्च बनाउनका लागि तलब भत्ता तथा सेवा सुविधाको व्यवस्था गरेकोछु।

२३. ताप्लेजुङ जिल्लामा संचालित विभिन्न पत्रपत्रिका तथा रेडियोहरुलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिईएकोछु।

२४. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा गरी रु २ करोड ५ लाख बजेट विनियोजन गरेकोछु।

२५. कृषि तथा पशुपंक्षी शाखा अन्तर्गत एकमुप्ट रु १ करोड बजेट विनयोजन गरेकोछु।

२६. शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रु ३ करोड २० लाख बजेट विनयोजन गरेकोछु।

२७.प्रदेश सरकारको अनुदानमा खेजेनिम स्वास्थ्य चौकीका लागि रु १० लाख बजेट विनियोजन गरेकोछु।

२८. प्रदेश सरकारको अनुदानमा वडा नं.१ र ६ को स्वास्थ्य चौकी भवन निर्माण गर्न रु २५ लाख बजेट व्यवस्था गरेको छु।

२९. सबै जातजाती भाषा, धर्म सस्कृतीको संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गर्न बजेट व्यवस्थापन गरेकोछु।

३०. अलैची खेती प्रवर्द्धनका लागि  प्रदेश सरकारको समन्वयमा रु १५ लाख बजेट व्यवस्था गरेको छु।

३१.प्रदेश सरकारससँगको साझेदारीमा विभिन्न विद्यालयहरुलाई अनुदानको व्यवस्था गरेकोछु

३२. कर्मचारीलाई उत्प्रेरित गरी कार्यसम्पादन उच्च राख्दै सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो तथा सरल ढङ्गले प्रवाह गर्नका लागि प्राविधिक कर्मचारीहरुलाई दिदै आएको फिल्ड भत्ता साथै प्रोत्साहन भत्तालाई निरन्तरता दिएकोछु।

३३. बाल विकास, भाषा,कार्यालय सहयोगी, विद्यालय लेखा कर्मचारीहरुलाई समयानुकुल हुने आवश्यक तलव भत्ता पुनरावलोकन सम्बन्धि व्यवस्था गरेकोछु।

३४. संघीय तथा प्रदेशको आवधिक योजना तथा लक्ष्यलाई परिपूर्ती गर्न सबै क्षेत्र र वर्गमा बजेटलाई समेट्ने प्रयास भएकाछन् । बजेटको विस्तृत विवरण अनुसूचीहरुमा उपलब्ध गराएकोछु ।

**श्रद्धय अध्यक्ष महोदय,**

यो बजेट कार्यान्वयनका क्रममा देशको आर्थिक क्रियाकलापमा देखा पर्ने परिस्थिति अनुकुलता तथा स्रोत सुनिश्चितताको आधारमा योजना तथा कार्यक्रम कार्यान्वयनमा फक्ताङलुङ गाउँपालिकाको आगामी गाउँसभाबसी आवश्यकता अनुसार थप परिमार्जन गरिनेछ ।

अन्यमा फक्ताङलुङ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बार्षिक कार्यक्रम तथा राजस्व र व्ययको अनुमान(बजेट) यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने जिम्मेवारी प्रदान गर्नु भएकोमा गाउँपालिका अध्यक्षज्यू, गाउँ कार्यपालिका एवं बजेट तर्जुमा का लागि अहोरात्र खटि बजेट बनाउन सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीबर्ग प्रति धन्यवाद दिदै बजेट कार्यान्वयनमा सरोकारबाला सबैको सहयोगको अपेक्षा गर्दै यस गरिमामय गाउँ सभामा सहभागी हुने सबै गाउँ सभा सदस्यज्यूहरु प्रति सादर धन्यवाद व्यक्त गर्न चाहान्छु

**‘‘धन्यवाद जय फक्ताङलुङ’’**

**आज्ञाले**
**नवीन तेम्वे**
**प्रमुख प्रशासकीय अधिकृत**

फक्ताङलुङ गाउँपालिका

फक्ताङलुङ गाउँपालिका